**खनियाबास गाउँपालिकाद्धारा प्रकाशित**

# खनियाबास गाउँपालिका राजपत्र

खण्डः २ संख्याः... मितिः २०७७ जेष्ठ २३ गते शुक्रबार

## भाग-२

खनियाबास गाउँपालिका

धादिङ्ग जिल्ला

बागमती प्रदेश, नेपाल

खनियाबास गाँउपालिकाले बनाएको तल उल्लेख बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## खनियाबास गाँउपालिकाभित्र असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड २०७६

कोभिड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुको दैनिक जीवन यापनका लागि खनियाबास गाँउपालिकाबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न "नेपालको संविधान २०७२ को धारा २२६ को दफा १ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र संघिय अर्थ मन्त्रालयद्धारा तयार पारिएको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असाहयहरुलाई उपलब्ध गराउने राहत सम्बन्धि नमुना मापदण्ड, २०७६" को आधारमा खनियाबास गाँउपालिकाद्धारा यो मापदण्ड तयार गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम ***"खनियाबास गाँउपालिका भित्र असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६"*** रहने छ ।

(२) यो मापदण्ड नेपाल सरकारले घोषण गरेको लकडाउन अवधि सम्मको लागि लागु हुने छ ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग भन्नाले दैनिक रुपमा कामकाज गरि पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिम श्रमिक कामदार तथा मजदुर सम्झनु पर्छ ।

ख) असहाय भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्वा, मस्जिद, गुरुद्धार, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

ग) राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम खनियाबास गाँउपालिकाले दफा ३ बमोजिमका श्रमिक बर्ग तथा असहायलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनु पर्छ ।

घ) स्थानीय तह भन्नाले खनियाबास गाँउपालिका सम्झनु पर्छ ।

**३. अभिलेख राख्नु पर्ने :** १) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक बर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्ने छ ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपासार गर्ने श्रमिक,

ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारि साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

ग) ट्रक, ट्रिपर, भ्यानबाट लोड अनलोड गर्ने श्रमिक,

घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

ङ) आफ्नो नातेदार बाहेको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

च) गिटी कुटने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्रि वितरण गरी गुजारा तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

झ) देहायका यातायात मजदुर :

१. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरि भ्यान चलाउने सवारी चालक, सहचालक,

२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

३. रिक्सा तथा ठेलागाडाचालक,

४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरींग, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची १ बमोजिम सम्बन्धि वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्ने छ ।

**४. राहत वितरण गर्नु पर्ने :** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्ने छ ।

**५. राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ :

क) चामल २५ कि.ग्रा.

ख) दाल २ कि.ग्रा.

ग) नुन १ पाकेट

घ) खाने तेल १ लिटर

ङ) साबुन ४ वटा

च) चिनी २ कि.ग्रा.

२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्ने छ। साथै, परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा )१) बमोजिमको राहत सामग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्री वितरण गरिने छ।

३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसंग संगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री वितरण गरिने छैन्।

४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन्।

**६. वितरण गर्ने विधि :** (१) देहायको विधिमा अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्ने छ :

क) राहत वितरणको लागि सम्बन्धित वडाले सामाग्री खरिद गरी वितरण गर्ने।

ख) सम्बन्धित वडा समतिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकिय समस्याका कारणले वडा समितिबाट वितरण गर्ने नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने।

१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्तीकर्ताबाट मुल्य सूची लिई सोको आधारमा सामाग्रीको गुण्स्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्तीकर्ता छनौट गर्ने।

२) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपुर्तीकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने।

**७. राहत वितरणको अभिलेख र प्रतिबेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसूची २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्ने छ र एक प्रति खनियाबास गाँउपालिका कार्यालयमा पठाउनु पर्ने छ।

२) खनियाबास गाँउपालिकाले राहतको प्रतिबेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा वागमती प्रदेश सरकार, राष्ट्रि परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने छ।

३) सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले, वागमती प्रदेश सरकारले र खनियाबास गाँउपालिका स्वयम सहितले राहत वितरणको नियमित अनुगमन गर्ने छ।

**८. कारवाही सम्बनिध व्यवस्था :** (१) यस कार्य विधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन।

२) यस कार्य विधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम खनियाबास गाँउपालिकाले निजबाट असुल उपर गर्नेछ ।

**९. बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधान, ऐन, नियम संग बाझिएको हदसम्म यो मापदण्ड स्वतः निस्क्रीय हुनेछ ।

## अनुसूची १

## खनियाबास गाँउपालिका कार्यालय,दार्खा, धादिङ

... नं. वडा कार्यालय,.................

(दफा ३ संग सम्बनिधत)

अभिलेख ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण**

१. नाम थर...............................२) बाबुको नाम..........................३) बाजेको नाम .............

४. स्थायी ठेगाना :....................................................५) हालको ठेगाना :.....................

६. टेलिफोन नं. ( भएमा)...........................................................

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :..........................................गर्ने गरेको कामः.....

८. पेशा गरेको कागजातको विवरण : - कम्तीमा कुनै एक कागजात संलग्न गर्नु पर्ने

क) नेपालि नागरिकताको प्रममाणपत्र प्रतिलिपि वा

ख) गरिवी घरधुरी परिचय पत्रको प्रतिलिधि वा

ग) सवारी चालक अनुमतीको प्रतिलिपि वा

घ) अन्य

९ राहत लिने व्यक्तिको स्वःघोषण :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेको छैनन्। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सँहुला बुझाउँला ।

**निबेदक :** औठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

नाम : ........................................................... दस्तखतः....................

मितिः .............................

**सिफारिस गर्ने पदाधिकारीः**

दस्तखत : .........................

नामः.......................... ............................मितिः .......................................

अनुसूची २

**खनियाबास गाँउपालिका कार्यालय,दार्खा, धादिङ**

... नं. वडा कार्यालय,.................

(दफा ७ को उपदफा १ संग सम्बनिधत)

**<u>राहत वितरण अभिलेख</u>**

| क्र.स. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**राहत वितरण गर्नेको**

दस्तखत :

नाम थरः

टेलिफोन नं.

## अनुसूची ३

## खनियाबास गाँउपालिका कार्यालय,दार्खा, धादिङ

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

**प्रतिवेदन ढाँचा**

| क.स. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमुख प्रशासकिय अधिकृत

दस्तखत :
नाम थर:
टेलिफोन नं.